आज मिति २०८१ मंसिर १० गतेका दिन यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**तपशिल:**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह वम | |

**निर्णय नं.१** माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशको प.स २०८१।०८२ च.न. २५५, मिति २०८१/०८/०७ गतेको सिफारिस पत्रानुसार  स्थानीय ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, सातौँ तह(ईन्जिनियर) (खुला तर्फ)को पदमा यस रास्कोट नगरपालिकामा सिफारिस भई आउनुभएका तपशिलका कर्मचारीलाई कर्णाली प्रदेश स्थानीय(सेवा गठन तथा सञ्चालन ऐन),२०८१ को दफा  १५ को उपदफा १ बमोजिम  मिति २०८१।०८।०७ गते देखि लागु हुने  गरि नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरियो।

तपशिल

| क्र.स | नाम थर | ठेगाना | सेवा/समुह | पद/तह |
|---|---|---|---|---|
| १ | विनोद सुवेदी | फेदीखोला गाँउपालिका -२ स्याङ्जा | ईन्जि/सिभिल | ईन्जिनियर/सातौँ तह |

**निर्णय नं. २** माथि छलफल गर्दा सामाजिक विकास कार्यालय, कालीकोटको **प.स २०८१।०८२ चं.न.१५४** को योजना सम्झौता सम्बन्धि पत्रमा यस रास्कोट नगरपालिका वडा नं.९  स्थित पिङ्लादेवी आधारभुत विद्यालयको खेलमैदान निर्माण योजनाको ठेगाना रास्कोट नगरपालिका वडा नं. ९ हुनु पर्नेमा रास्कोट नगरपालिका  वडा नं. ८ भई फरक पर्न गएकाले उक्त योजनाको ठेगाना रास्कोट नगरपालिका वडा नं. ९ कायम गरि सम्झौता गर्न सामाजिक विकास कार्यालयलाई सिफारिस गर्ने निर्णय सर्वसहमतिले पारित  गरियो।

**निर्णय नं. ३** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकामा स्थानीय तहको कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०८१ बमोजिम रिक्त रहेको कृषि स्नातक पदमा  करारमा कर्मचारी भर्नाका लागि **विज्ञापन नं. ०२/२०८१/०८२** कायम गरि करारमा कर्मचारी भर्नाका लागि विज्ञापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** माथि छलफल गर्दा  संघीय सरकार वित्तीय हस्तान्तरण अन्तर्गत, स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरि भवन निर्माण अन्तर्गत रास्कोट नगरपालिका वडा नं. ५ स्युना स्वास्थ्य चौकी  १५ शैया भवन निर्माण कार्यको ठेक्का नं. RM/077-78/WORKS/NCB-06 को  सम्झौता अवधि भित्र  निर्माण कार्यसम्पन्न हुन नसकेकाले प्राविधिक शाखाले पेश गरेको टिप्पणी आदेश बमोजिम र सार्वजनिक खरिद नियमावली ,२०६४ (१३ औँ संशोधनस सहित)  को नियम १२० को उपनियम (२) र (४) बमोजिम २०८२ साल मंसिर मसान्तसम्म मनासिव देखिएकाले  म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकामा सडक बोर्ड नेपाल द्वारा स्थानीय सडक मर्मतको लागि प्राप्त बजेट रु. ३७,००,०००।– (अक्षरुपी सत्ततिस लाख मात्र) र नगरपालिकाको साझेदारी रकमको सिमा भित्र रही यस रास्कोट नगरपालिकामा मर्मत गर्नुपर्ने तपशिल बमोजिमका सडकहरु छनौट गरि पठाउने निर्णय सर्वसहमतिबाट पारित गरियो।

तपशिलः

| क्र.स | योजनाको नाम | कुल लागत |
|---|---|---|
| १ | गगाने देखि तामाकोट सम्म सडक मर्मत  रा न.पा ६ | २० लाख |
| २ | आर सि पि देखि थोल्म सम्म सडक मर्मत रा न पा ८,९ | ११ लाख |
| ३ | सेतिकोट देखि टाक्से सम्म सडक मर्मत रा न पा ५ | ११ लाख |
| ४ | सानो विजयपुर देखि चाउरीमाले सम्म सडक मर्मत रा न पा ४ | ५ लाख |
| ५ | धामीचौर देखि काँडा गाँउसम्म सडक मर्मत रा न पा १ | ५ लाख |